# वराहपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**बाघखोरभन्ज्याङ, खोटाङ**

प्रदेश नं.१, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा समेत बिक्रिकर संकलन गर्ने सम्बन्धमा ठेक्का बन्दोबस्तको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/११/०६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम वराहपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले IEE को प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी, बालुवाको निकासी संकलन गर्न प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधयेक २०७७ को दफा ८ को अनुसूची ५ अनुसार गाउँ कार्यपालिकाको निर्णय अनुसार तपशिल बमोजिमको खोला, नदी, नालाहरुबाट स्थानीय तह निकासी शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम् अंकमा नघट्ने गरी यस कार्यालयबाट BID Document (Hard Copy) प्राप्त गरी १६औं दिनको १२:०० बजे भित्र रीतपूर्वकको दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिएको छ ।

<u>आय ठेक्काको विवरण</u>

| क्र.स. | ठेक्का नं | IEE प्रतिवेदनका आधारमा उत्खनन् गरिने नदि तथा खोलाहरु | उत्खनन गरिने बस्तु | उत्खनन् गरिने बस्तुको आयतन (घ.मि.) | न्युनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | प्रति घ.मि. दर रू. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/०७७/०७८ | बुवा खोला र सुनकोशी नदि वंशीलाघाट क्षेत्र | ढुंगा, गिट्टी तथा बालुवा | ८६९७.८८ | १७,१८,०८४.४० | २११.८६ | १००० |
| २ | ०५/०७७/०७८ | सुनकोशी नदि कम्फुघाट तथा धाप्लांङ्गघाट र लपुवा खोला | ढुंगा, गिट्टी तथा बालुवा | ८५११९.०१ | १६,६९,३७८.४५ | २११.८६ | १००० |
| ३ | ०६/०७७/०७८ | वालिनटार ढुंगा खानि र वातांग खोला | ढुंगा, गिट्टी तथा बालुवा | ७७३९.०३ | १६,०९,९६०.८६ | २११.८६ | १००० |

<u>ठेक्का सम्बन्धि शर्तहरु:</u>

१. दरभाउपत्र फाराम खरिद गर्दा फर्मकम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७६/०७७ सम्मको नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्र फाराम दस्तुर प्रत्येक ठेक्काको लागि रु. १,०००।-(एक हजार) मात्रको यस गाउँपालिकाको आन्तरीक राजस्व खाता नं. ०९४०६२०७०६७०३००६ मा दाखिला गरि सोको बैंक भौचर संलग्न राखी दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ ।

३. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दरभाउपत्र पेश गर्नु पर्नेछ। यसरी प्राप्त भएको शिलबन्दी दरभाउपत्र सोही दिन दिनको १:०० बजे गाउँपालिकाको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. अधिकार प्राप्त प्रतिनिधि मार्फत दरभाउपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नु पर्नेछ।

२०७७/११/०५
मान बहादुर वन
प्रमुख प्रशासकीय अधिकृत

# वराहपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बाघखोरभन्ज्याङ, खोटाङ
प्रदेश नं.१, नेपाल

५. दरभाउपत्र फाराम साथ आफुले कवोल गरेको कुल अंकको नेपाली फर्म वा कम्पनी भए ५ प्रतिशत र विदेशी फर्म वा कम्पनी भए १० प्रतिशत धरौटी रकम यस गाउँपालिकाको सनराइज बैंक लिमिटेड वराहपोखरी शाखामा रहेको धरौटी खाता नं. ०९४०६२०७०६७०३००४ मा जम्मा गरि सोको सक्कल भौचर वा यस गाउँपालिकाको नाममा कुनै मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेण्टी (विडवण्ड) पेश गर्नु पर्नेछ । साथै, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र फाराममा भरेको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको लगतै कार्यालय खुलेको दिनमा गरिनेछ ।

८. न्यूनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिनेछ।

९. दरभाउपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्बन्धित दरभाउपत्रदाता वा फर्मले नियमानुसार अग्रीम आयकर तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस गाँउपालिकाको कार्यालयमा आउनु पर्नेछ । अन्यथा धरौटी रकम जफत गरि दोश्रो दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः दरभाउपत्र आह्वान गर्ने वा नगर्ने अधिकार गाउँपालिकामा सुरक्षित रहने छ ।

१०. ठेक्का सम्झौताको समयमा ठेक्दारले कबोल अंकको सम्पुर्ण रकम सम्झौता गर्दाकै समयमा अनिवार्य रुपमा यस गाउँपालिकाको सनराइज बैंक लिमिटेड, वराहपोखरी शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०९४०६२०७०६७०३००६ मा जम्मा गरेको सक्कल भौचर जम्मा गर्नुपर्नेछ । उ

११. ठेक्काको अवधि दरभाउपत्रदातासँग सम्झौता भएको मिति देखि २०७८ जेष्ठ मसान्तसम्म रहनेछ ।

१२. ठेक्का सम्झौता भैसकेपछि बन्द, हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन ।

१३. ढुङ्गा, गिट्टी र वालुवाको लागि निकासी शुल्क प्रति घ.मि. रु.२११।८६ रुपैयाँका दरले लिन पाउनेछ ।

१४. यस गाँउपालिकाले निर्धारण गरेको परिणाम र दर-रेटभन्दा बढी उत्खनन् तथा असुल गरेमा नियमानुसार कारवाही गरी ठेक्का रद्द समेत गर्न सकिनेछ।

१५. ठेकेदारले ठेक्का भोग चलान गर्दा यस गाउँपालिकाको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहीत हुनेछ ।

१७. पेश भएको दरभाउपत्रमा केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको दरभाउपत्र स्वीकृत गरिने छैन ।

१८. दरभाउपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा प्रचलित ऐन, कानुन, नियम, कार्यविधि वा निर्देशिकाको परिधि भित्र रहि यस गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१९. सम्मानीत अदालत, नेपाल सरकार र यस गाँउपालिकाको नीति, निर्देशन तथा आदेशको पालाना गर्नुगराउनु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति, निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले गाउँपालिका सँग गर्न पाउने छैन ।

२०. सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सिमा वा मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिटी तथा वालुवा संकलन वा संचय गर्न पाईने छैन ।

२१. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात कबोल रकमको १३ प्रतिशत मुल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण यस गाउँपालिकामा पेश गर्नुपर्नेछ।

मान बहादुर वन
प्रमुख प्रशासकीय अधिकृत

# वराहपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बाघखोरभन्ज्याङ, खोटाङ
प्रदेश नं.१, नेपाल

२२. ठेकेदारले राखेको धरौटी ठेक्का अवधि समाप्त भए पश्चात आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको प्रमाण ल्याए पछि फिर्ता गरिनेछ । साथै यस गाउँपालिकाबाट उपलब्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढीदरमा निकासी दस्तुर असुली गरिएको पाइएमा सोही धरौटी वा बिडबन्डबाट कट्टा गरि सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

२३. ठेक्कासँग सम्बन्धित रसिदहरु ठेक्केदार स्वयंम आफैले छपाई गरि यस गाउँपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नु पर्नेछ । गाँउपालिकाबाट प्रमाणित नगरि रसिद प्रयोग गरिएको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

२४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

२५. प्रचलित नियमानुसार कालो सूचीमा परेका र गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म/कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

नोटः यस सम्बन्धी विस्तृत जानकारीका लागि वराहपोखरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । सम्पर्क नं. ९८५२८४९९०३, ९८५२८४९६५४, ९८५२८३६१८६, ९८५२८४९६५६

..............................

मान बहादुर वन

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर वन

प्रमुख प्रशासकीय अधिकृत